
परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily — राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ७८ पृष्ठ ४ २०८२ पुष २४ गते, बिहिबार 8 January, 2026 मूल्य रु. ५/–

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




### घण्टीको आवाजभन्दा भारी एक विदाइ

## जहाँ जीवन बित्यो, त्यहीं आँसु झऱ्यो : एक प्रधानाध्यापकको अन्तिम दिन



● ललन मण्डल

सोमबार बिहान श्री माध्यमिक विद्यालय, मिथिला नगरपालिका-१ शिवनगर गीतापुरको आँगन सामान्यभन्दा शान्त थियो। कक्षाकोठाबाट आउने हल्ला थिएन, विद्यार्थीहरू अनुशासित मौनतामा थिए। घण्टी बज्यो–तर त्यो घण्टीले कक्षा सुरु भएको संकेत होइन, चार दशक लामो सेवायात्राको अन्त्यको सूचना दिइरहेको थियो।

यो कुनै साधारण दिन थिएन। विद्यालयले आफ्नै एउटा आधारस्तम्भ, आफ्नै इतिहासलाई सम्मानसाथ बिदा गर्दै थियो। २०४२ सालमा तत्कालीन श्री आधारभूत विद्यालय शिवनगरका रूपमा जन्मिएको यो शैक्षिक संस्था आज माध्यमिक विद्यालय बनेर उभिएको छ। यस यात्राको केन्द्रमा एउटा नाम सधैँ रह्यो–जागेश्वर महतो।

ईँटाको संरचना, सीमित सामग्री र अधुरा सपनाबीच चक समातेर कक्षाकोठा छिरेका महतोले पढाउने मात्र गरेनन्, विद्यालयलाई हुर्काए। उनका लागि शिक्षण पेशा जागिर थिएन, त्यो जिम्मेवारी थियो, संस्कार थियो र समाजप्रतिको कर्तव्य थियो। चार दशकपछि, उही आँगनमा उभिएर विदाइको सम्मान ग्रहण गर्दा उनका आँखामा स्मृतिको ठूलो पर्दा खुलिरहेको थियो।

समयले विद्यालयको स्वरूप फेरियो। कच्ची भवन पक्की बने, पाठ्यक्रम बदलियो, प्रविधि आयो। चक-डस्टरको ठाउँ स्मार्ट बोर्डले लियो। तर प्रधानाध्यापक महतोको मूल मन्त्र कहिल्यै बदलिएन–अनुशासन, श्रम र इमानदारी। कमजोर विद्यार्थीलाई अघि बढाउने हौसला, गल्तीलाई सुधारको अवसर बनाउने धैर्य र सफलतालाई नम्रतासँग जोड्ने शिक्षा उनका शिक्षणका आधार थिए। चार दशकको अवधिमा उनले हजारौँ विद्यार्थीलाई अक्षर चिनाए। तीमध्ये धेरै आज समाजका विभिन्न क्षेत्रमा स्थापित छन्। कसैले सरकारी सेवा सम्हालेका छन्, कसैले व्यापार, कसैले शिक्षा र समाजसेवाको बाटो रोजेका छन्। उनीहरू सबैको साझा स्मृतिमा एउटै अनुहार बसेको छ–शान्त, सरल र दृढ।

विदाइ समारोह औपचारिकता मात्र थिएन। फूलमाला र सम्मानपत्रभन्दा बढी अर्थ राख्थ्यो शिक्षक र विद्यार्थीको भरिएको कण्ठ, मौन आँसु र सम्मानले झुकेको शिर। त्यो क्षणमा शब्द आवश्यक थिएनन्–भावनाले सबै कुरा भनिरहेको थियो।

विद्यालयको ढोका पार गर्दै गर्दा महतो पटक-पटक पछाडि फर्किए। त्यो नजरमा विदाइको पीडा मात्रै थिएन, गर्व पनि थियो। जीवनको ठूलो हिस्सा बिताएको संस्थाप्रतिको आत्मीयता त्यहाँ स्पष्ट देखिन्थ्यो। कार्यक्रममा बोल्दै उनले भने,"यो विद्यालय मेरो जागिर होइन, मेरो जीवनको कथा हो।"

स्थानीय तहका प्रतिनिधिहरूले पनि उनको यो गदानलाई उच्च मूल्यांकन गरे। मिथिला नगरपालिका-१ का वडाध्यक्ष जोगी महतोले आधारभूत विद्यालयलाई माध्यमिक तहमा स्तरोन्नति गने प्रक्रियामा जागेश्वर महतोको भूमिका निर्णायक रहेको बताए। स्थानीय व्यक्तित्व भएकाले अवकाशपछि पनि विद्यालयको मार्गदर्शनमा उनको उपस्थिति आवश्यक रहने उनले उल्लेख गरे।

कार्यक्रममा सहभागी नेकपा एमाले मधेश प्रदेशका प्रमुख सचेतक तथा प्रदेशसभा सदस्य हरिनारायण महतोले शिक्षाको महत्व समाजको मेरुदण्डका रूपमा वर्णन गर्दै विद्यालयको गुणस्तर सुधारमा सबैको साझा जिम्मेवारी रहेको धारणा राखे।

सोही अवसरमा विद्यालय व्यवस्थापन समितिले नयाँ प्रधानाध्यापकको जिम्मेवारी कल्पना पाण्डेयलाई सुम्पिएको घोषणा गऱ्यो। उनलाई विद्यालयको जिम्मेवारी हस्तान्तरण गर्नु केवल प्रशासनिक परिवर्तन होइन, एउटा पुस्ताबाट अर्को पुस्तामा जिम्मेवारी सर्ने संकेत थियो।

जागेश्वर महतो आज अवकाशमा छन्। तर विद्यालयका कक्षाकोठा, अनुशासन, संस्कार र विद्यार्थीको सोचमा उनको उपस्थिती अझै जीवित छ। केही अवकाश शब्दमा हुन्छन्, केही इतिहासमा। यो विदाइ त्यही इतिहासभित्र लेखिएको एउटा अध्याय हो।

## राष्ट्रिय सभा निर्वाचन: मधेशबाट ४ सिटका लागि ११ जनाको मनोनयन दर्ता



● टक नेपाल


राष्ट्रिय सभा निर्वाचनका लागि मधेश प्रदेशबाट ११ जना उम्मेदवारले मनोनयन पत्र दर्ता गराएका छन्। मधेश प्रदेशमा रहेका ४ राष्ट्रिय सभा सिटका लागि कांग्रेस-एमाले गठबन्धन, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल र जनता समाजवादी पार्टी (जसपा) नेपालबाट उम्मेदवारी परेको हो। लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले 'अन्य' समूहबाट उम्मेदवारी दर्ता गराएका छन्। उनको प्रस्तावक लोसपाका मधेश प्रदेशसभा सदस्य जयनुल राइन र समर्थक रानी शर्मा तिवारी रहेका छन्। ठाकुरको उम्मेदवारीलाई जसपा नेपालको समेत समर्थन रहेको छ। त्यसैगरी जसपा नेपालबाट राष्ट्रिय सभा सदस्यका लागि तीन जनाको उम्मेदवारी दर्ता भएको छ। अल्पसंख्यकतर्फ शैलेश चौधरी, महिलातर्फ चन्दा साह र दलिततर्फ चमेली देवी दासले उम्मेदवारी दर्ता गराएका हुन्। चौधरी सप्तरी, साह सिरहा र दास धनुषा जिल्लाकी हुन्। नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट दलित कोटामा शम्भु पासवान, अल्पसंख्यकतर्फ रामनन्दन प्रसाद, अन्यतर्फ लक्ष्मण पौडेल र मधेशी कोटाबाट समी कुमारी अग्रवालले उम्मेदवारी दर्ता गराएका छन्।

यस्तै कांग्रेस-एमाले गठबन्धनबाट दलित कोटामा कांग्रेसका अमरेन्द्र पासवान, अल्पसंख्यक कोटामा कांग्रेसकै रञ्जित कर्ण र महिला कोटामा एमालेकी रेखा झाले उम्मेदवारी दर्ता गराएकी छन्। मधेश प्रदेशमा राष्ट्रिय सभा निर्वाचनलाई लिएर राजनीतिक दलहरूबीच प्रतिस्पर्धा तीव्र बन्दै गएको छ।

**शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!**

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

भगहा नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

**सम्पादकीय**

## अपारदर्शी भ्रमण, अपारदर्शी संवाद

काठमाडौं र दिल्लीबीचको हवाई दूरी आठ सय किलोमिटर भन्दा केही बढी छ। यद्यपि, यी दुई राजधानीबीचको राजनीतिक दूरी भने निकै कम छ। किनकि, यहाँका राजनीतिक गतिविधि र निर्णायक क्षणहरूमा दिल्ली कुनै न कुनै रूपमा जोडिने गरेको छ भन्ने विश्वास जनतामाझ बलियो गरी स्थापित छ। त्यस्तो विश्वास दिल्लीबाट काठमाडौं उत्रिने कूटनीतिज्ञ, गुप्तचर, दिल्लीबाटै यदाकदा सार्वजनिक हुने वक्तव्यबाट मात्रै होइन, महत्त्वपूर्ण राजनीतिक घटनाक्रमअघि अस्वाभाविक ढंगले नेपालबाट हुने गरेको दिल्ली दौडाहाले पनि बलियो बनाउने गरेको छ। विभिन्न कार्यक्रममा सहभागिता जनाउन वा उपचारका लागि भनेर हुने गरेको विदेश भ्रमणमा महत्त्वपूर्ण भेटघाट पनि हुने गरेको छ। त्यसको वास्तविक विवरण सार्वजनिक नहुँदा जनतामा अन्योल र आक्रोश उत्पन्न गरेको छ। त्यसैले यस्ता भ्रमणका क्रममा हुने संवादका पात्र र विवरणलाई पारदर्शी बनाउन आवश्यक छ। देशभित्र चुनाव नजिकिँदै गर्दा र दलहरू गठबन्धनलगायतका भावी रणनीति अख्तियार गर्न केन्द्रित भइरहँदा नेताहरूको दिल्ली प्रस्थानले तीव्रता पाएको छ। पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल र बाबुराम भट्टराई दिल्ली पुगेर फर्किसकेका छन्। दाहाल प्रवासी संगठनको कार्यक्रममा सहभागी हुन आइतबार दिल्ली गएका थिए। भट्टराई पनि ७ पुसमा दुईदिने भारत भ्रमणमा गएका थिए। उनले मुम्बईमा आईआईटीद्वारा आयोजित 'टेकफेस्ट' मा अतिथिका रूपमा प्रवचन दिएका थिए भने दिल्लीमा भारतका पूर्वराजदूतहरूले आयोजना गरेको छलफल कार्यक्रममा सहभागी भएका थिए। पूर्वपरराष्ट्रमन्त्रीसमेत रहेकी कांग्रेस नेतृ आरजु सोमबार अपराह्न दिल्ली पुगेकी छन्। उनको दिल्ली भ्रमणलाई नियमित स्वास्थ्य उपचार भनिएको छ। रास्वपा उपसभापति स्वर्णिम वाग्ले पनि बिहीबार दिल्ली नै जाने तयारीमा छन्। उनी भारतीय संस्थापन नजिकका दुई 'थिंक ट्यांक' विवेकानन्द इन्टरनेसनल फाउन्डेसन र नेटस्ट्र्याट (सेन्टर फर रिसर्च अन स्ट्राटेजिक एन्ड सेक्युरिटी इस्युज) ले संयुक्त रूपमा गर्न लागेको गोष्ठीमा सहभागी हुन दिल्ली जान लागेका हुन्। विदेशमा नेपाली समुदायले आयोजना गरेका कार्यक्रममा नेताहरूको सहभागिता त सामान्य नै भइहाल्यो, विदेशी संघसंस्थाले आयोजना गर्ने सक्छ।

# धनुषा र महोत्तरीका किसानबाट ६ हजार क्विन्टल बढी धान खरिद, लक्ष्यको आधा पुरा

● टक नेपाल

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मधेस प्रदेश कार्यालय जनकपुरधामले धनुषा र महोत्तरीका किसानबाट हालसम्म ६ हजार २७५ क्विन्टल सोना मन्सुली धान खरिद गरेको छ। गत मङ्सिर २८ गतेदेखि धान खरिद प्रक्रिया सुरु गरेको कम्पनीले अहिले दैनिक ५ देखि १५ जना किसानको धान संकलन गरिरहेको छ। हालसम्म १६५ जना किसानले स्थानीय तहको सिफारिसमा आफ्नो उत्पादन बिक्री गरिसकेका छन्।

कम्पनीले यस वर्ष कुल १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य राखेको छ, जसको करिब आधा हिस्सा संकलन भइसकेको छ। प्रतिकिसान अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्ने नीति भए पनि स्थानीय तहको सिफारिसमा केही किसानबाट ५५ क्विन्टलसम्म लिने गरिएको छ। धान बिक्री गर्नेहरूमा धनुषाको लक्ष्मीनिया, नगराइन र क्षिरेश्वरनाथ नगरपालिका तथा महोत्तरीको बलवा नगरपालिकाका किसानहरू बढी रहेका छन्।



सरकारले यस वर्ष सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल ३ हजार ६ रुपैयाँ ३३ पैसा तोकेको छ। किसानलाई धानको भुक्तानी सिधै उनीहरूको बैंक खातामा पठाउने व्यवस्था मिलाइएको प्रादेशिक प्रमुख निर्मल थापाले जानकारी दिएका छन्। कम्पनीको गोदाम नजिक दुईवटा काँटा राखेर बिहान १० बजेदेखि साँझ ५ बजेसम्म धान संकलनको काम भइरहेको छ।

खरिद गर्नुअघि कम्पनीले धानको गुणस्तर परीक्षण गर्ने गरेको छ। गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिका अनुसार मापदण्ड पुगेका गुणस्तरीय धान मात्र खरिद गरिएको छ। स्थानीय बजारमा उचित मूल्य नपाउने चिन्तामा रहेका किसानहरूका लागि सरकारी समर्थन मूल्यमा धान खरिद सुरु भएपछि राहत मिलेको छ। अझै धेरै किसानहरू धान बिक्रीका लागि नाम दर्ता गराएर पालो पर्खिरहेका छन्।

**शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!**






- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

गणेशमान चारनाथ नगरपालिका, धनुषा
मधेश प्रदेश, नेपाल




**शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!**



- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,




- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

सोनमा गाउँपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



# मधेशी र मुस्लिम आयोगमा पुगेर गृहमन्त्रीले गरे पदाधिकारीहरुसँग छलफल




● पवन प्रसाद साह

गृहमन्त्री ओमप्रकाश अर्यालले ललितपुरस्थित मधेशी आयोग र मुस्लिम आयोगमा पुगी आयोगका पदाधिकारीहरुसँग भेटघाट तथा समसामयिक विषयमा छलफल गरेका छन् ।

मन्त्री अर्याललाई ललितपुर जावलाखेलमा रहेको मुस्लिम आयोगमा आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलि तथा आयोगका अन्य पदाधिकारीहरुले र मधेशी आयोग ज्वागलमा आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह तथा आयोगका अन्य पदाधिकारीहरुले स्वागत गरे ।

पछिल्ला दिनमा तराई मधेशका केही जिल्लामा सतहमा आएका साम्प्रदायीक असहिष्णुताका घटनाक्रमबारे छलफल केन्द्रित भएको हो । त्यस्तै, संविधानले संवैधानिक निकायको रुपमा व्यवस्था गरेका दुवै आयोगहरुको काम, कर्तव्य, अधिकार, आयोगले भोगीरहेका समस्या तथा सरकारसँग आयोगका अपेक्षा लगायतका विषयमा पनि आयोगका पदाधिकारीहरुले मन्त्री अर्याललाई जानकारी गराए । छलफलको क्रममा मन्त्री अर्यालले धार्मिक सम्प्रदायबीच आपसी सद्भाव कायम गर्न मधेशी, थारु र मुस्लिम आयोगबाट जारी भएको संयुक्त अपिलको खुलेर प्रशंसा गरे । नागरिक समाजको पनि नागरिक समाजको रुपमा रहेका आयोगहरु तथा सबैको सहयोगमा पछिल्ला दिनमा देखिएका त्यस्ता समस्याहरु समाधान उन्मुख भएको भन्दै मन्त्री अर्यालले त्यस्ता घटना दोहोरिन नदिन तथा समाजमा शान्ति तथा सद्भाव कायम राख्ने सम्बन्धमा सबैको सकारात्मक भूमिकको अपेक्षा राखे ।

त्यस्तै, पछिल्ला घटनाक्रमलाई समयमै सम्बोधन गरी सामाजिक सद्भाव कायम राख्ने सम्बन्धमा गृह मन्त्रालयले सक्रियता देखाई अवैध गतिविधिमा संलग्नलाई कारबाही, सरोकारवालासँग समन्वय बैठक, सद्भाव ऱ्याली, जाँच कडाइ, र शान्ति तथा सामाजिक सद्भाव समिति गठनलगायतका कार्यहरु गर्न गृह मन्त्रालयद्वारा ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई जारी गरीएको सर्कुलरको आयोगका पदाधिकारीहरुले स्वागत गरे।

गृहमन्त्री अर्यालले आयोगलाई आवश्यक सहयोग गर्न सरकार सधैँ तत्पर रहेको विश्वास दिलाउँदै कतिपय विषयहरुमा आयोगका तर्फबाट आवश्यकता अनुसार नेपाल सरकारलाई ध्यानाकर्षण तथा सल्लाह, सुझावको अपेक्षासमेत राखे । धार्मिक तथा सामाजिक सहिष्णुता खल्बल्याउन खोज्ने वा खल्बल्याउने जोसुकै उपर कानुन बमोजिम कारबाही हुने बताउँदै मन्त्री अर्यालले विवेकको संरक्षकको रुपमा रहेका आयोगहरुले धार्मिक तथा सामाजिक सहिष्णुता कायम राख्ने सन्दर्भमा जनचेतना फैलाउने लगायतका कार्यहरु गरी यस्ता समस्याको दीर्घकालीन समाधानको लागि आयोगको तर्फबाट आवश्यक कार्यक्रमहरु गर्न अनुरोधसमेत गरे । छलफलको क्रममा मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले मधेशी आयोग कुनै धर्म विशेषको भन्दा पनि समग्र मधेशी समूदायको आयोग रहेको बताए । त्यस्तै, मुस्लिम आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलिले समाजमा धार्मिक, सामाजिक सद्भाव कायम गने सम्बन्धमा आयोगले सधैं आवश्यक सकारात्मक भूमीका निर्वाह गर्ने प्रतिबद्धत व्यक्त गरे ।

# सुडी समाजद्वारा राजनारायणलाई आर्थिक सहयोग



● टक नेपाल

आर्थिक विपन्नताका बीच एमबीबीएसमा पूर्ण छात्रवृत्तिमा नाम निकालेका मिर्चैयाका राजनारायण महतोलाई आर्थिक सहयोग प्राप्त भएको छ । सुडी समाज, मिर्चैयाले राजनारायणलाई मंगलबार आर्थिक सहयोग गरेको हो । राजनारायणलाई मिर्चैया नगरपालिका-६ मटियर्वास्थित सुडी समाज धर्मशालामा एक कार्यक्रम आयोजना गरी ५१ हजार रुपैयाँ आर्थिक सहयोगसहित सम्मान गरेको स्थानीय अगुवा राजकिशोर साहले बताए । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगन्जमा भर्ना भएका साह पहिलो प्रयासमै एमबीबीएसमा पूर्ण छात्रवृत्तिमै नाम निकाल्न सफल भएका हुन् । उनले २०७९ सालमा एसईई र २०८२ मा कक्षा १२ उत्तीर्ण गरेका थिए ।

राजनारायणका जेठा दाजु राजु महतो पनि पूर्ण छात्रवृत्तिमै एमबीबीएस अध्ययनरत छन् । आठ वर्षअघि क्यान्सरका कारण बुवा गुमाएका उनीहरूलाई आमा रेखा पंजियारले गाउँमै किराना पसल गरी पढाएकी हुन् ।


## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,






- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

बर्दिबास नगरपालिका, धनुषा
मधेश प्रदेश, नेपाल



## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

जनकपुरधाम उपमहानगरपालिका, धनुषा
मधेश प्रदेश, नेपाल





## जनकपुरधाममा गगन र विश्वप्रकाशविरुद्ध प्रदर्शन



● टक नेपाल

नेपाली काँग्रेसका नेता तथा पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिमाथि पार्टीकै अर्का पक्षका नेता-कार्यकर्ताले दुर्व्यवहार गरेको घटनाको विरोधमा निधि पक्षधर नेता कार्यकर्ताहरुले जनकपुरधाममा विरोध प्रदर्शन गरेका छन् ।

टायर बालेर जनकपुरधामका विभिन्न स्थनमा गरिएको सो विरोध प्रदर्शनले जनकपुरधाममा तनावपूर्ण अवस्था सिर्जना भएको छ । निधि पक्षका कार्यकर्ताले टायर बालेर प्रदर्शन गर्दै पार्टीका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माविरुद्ध नाराबाजी समेत गरेका छन् ।

पार्टी महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको पक्षका नेता-कार्यकर्ताले निधिमाथि दुर्व्यवहार गरेको आरोप लगाउँदै त्यसको विरोधमा विमलेन्द्र निधि पक्षका कार्यकर्ताहरू सडकमा उत्रिएका हुन् । प्रदर्शनकारीहरूले पार्टीभित्र अनुशासनहीन गतिविधि बढ्दै गएको, वरिष्ठ नेतामाथि असहिष्णु व्यवहार गरिएको र नेतृत्वले यस विषयमा स्पष्ट धारणा नलिएको आरोप लगाएका छन् ।

उनीहरूले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न पार्टी नेतृत्वसँग माग गरेका छन् । प्रदर्शनका कारण केही समय जनकपुरधामको आवागमन प्रभावित भएको थियो । स्थिति नियन्त्रणमा राख्न सुरक्षाकर्मी परिचालन गरिएको छ भने हाल अवस्था सामान्य बन्दै गएको जनाइएको छ। उक्त घटनाबारे नेपाली काँग्रेसको केन्द्रीय नेतृत्व तथा सम्बन्धित पक्षबाट औपचारिक प्रतिक्रिया आउन बाँकी रहेको छ।

पार्टीभित्र देखिएको आन्तरिक विवादले आगामी दिनमा संगठनात्मक एकतामा असर पार्न सक्ने चिन्ता कार्यकर्ताहरूले व्यक्त गरेका छन् ।

vianet
अब सबै connected

# मधेश : कांग्रेसका बहुमत प्रतिनिधि विशेष महाधिवेशनको पक्षमा

● टक नेपाल

विशेष कि नियमित महाधिवेशनबारे कांग्रेसमा विवाद चर्किएको बेला मधेश प्रदेशका बहुमत महाधिवेशन प्रतिनिधि भने विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । विशेष महाधिवेशनको पक्षमा मधेश प्रदेशका ५५ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरिसकेका छन् । उनीहरू पुस २६ गते रात्रिकालीन बसमा काठमाडौं प्रस्थान गर्ने तयारीमा छन् । कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको सबै प्रक्रिया अघि बढाएका बेला मधेश प्रदेशमा यसको पक्षमा अझै महाधिवेशन प्रतिनिधि थप्ने अभियानमा थापा-शर्मा समर्थक कसरत गरिरहेका छन् । मधेश प्रदेशका ८ जिल्लामा ८ सय २३ जना महाधिवेशन प्रतिनिधिमध्ये ४ सय १६ जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरिसकेका छन् । हस्ताक्षर थपिने क्रममा रहेको थापा पक्षधर नेताहरूको दाबी छ । महामन्त्री थापा पक्षधर मधेश कांग्रेस समितिका उपसभापति वीरेन्द्र सिंहका अनुसार विशेष महाधिवेशनको पक्षमा महाधिवेशन प्रतिनिधि तान्न छलफल र कुराकानी भइरहेको छ । 'विशेष महाधिवेशनमा सहभागी हुन हामी पुस २६ गते काठमाडौं जाँदैछौं,' कांग्रेस मधेश समितिका उपसभापति सिंहले भने,' हस्ताक्षर नगरेका महाधिवेशन प्रतिनिधिलाई पनि काठमाण्डौं जान आग्रह र खबर गरिरहेका छौं । संख्या अझै बढ्ला नै घटदैन ।' कांग्रेस मधेशका उपसभापति सिंह महाधिवेशन प्रतिनिधि रहेको सर्लाही जिल्लाबाट १ सय ३ जना महाधिवेशन प्रतिनीधिमध्ये ७० जना विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । पर्सामा एक सय जना महाधिवेशन प्रतिनिधिमा ४० जना विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । महामन्त्री थापा समर्थक नेता सुरेन्द्र चौधरीले विशेष महाधिवेशनको पक्षमा अझै ५-७ जना महाधिवेशन प्रतिनीधि थपिने बताए । तर, पार्टी सभापति




शेरबहादुर देउवा पक्षका पर्साका नेता रमेश पाण्डेले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका धेरै जनाले फिर्ता लिइसकेकाले पर्साबाट बढीमा १४-१५ जना मात्र विशेष महाधिवेशनको पक्षमा रहेको दाबी गरे ।

बारामा पनि १ सय ४ जना महाधिवेशन प्रतिनिधिमा ६३ जना विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । रौतहटमा भने १ सय १० जना महाधिवेशन प्रतिनिधिमा २१ जना मात्रले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । रौतहट मधेश प्रदेश कांग्रेस समितिका सभापति एवं मुख्यमन्त्री कृष्णप्रसाद यादवको गृह जिल्ला हो । यादव भने देउवानिकट हुन् । महोत्तरीमा १ सय ५ जना महाधिवेशन प्रतिनिधिमा ५४ जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । महामन्त्री थापानिकट महोत्तरीका नेता पोषण थापाका अनुसार अझै ६ जना महाधिवेशन प्रतिनिधि सम्पर्कमा रहेकाले संख्या बढ्नेछ । यस्तै, धनुषामा एक सयजना महाधिवेशन प्रतिनिधिमा २३ जनाले विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । धनुषा देउवानिकट नेता विमलेन्द्र निधिको गृह जिल्ला हो । धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ बाट महाधिवेशन प्रतिनीधि बनेका जीवनाथ चौधरीले आफू पनि विशेष महाधिवेशनको पक्षमा रहेको बताए । 'मलगायत अरु साथीहरु हस्ताक्षर गर्न बाँकी छ । त्यसैले धनुषामा पनि संख्या बढ्नेछ,' चौधरीले भने,'धनुषामा १०-१५ जना महाधिवेशन प्रतिनिधि अझै थपिनेछ ।' उनका अनुसार कांग्रेसमा पुराना र शीर्ष नेताको मनपरी र हैकमवादविरुद्ध आफूहरु नयाँ नेतृत्वका लागि विशेष महाधिवेशनको पक्षधर बनेको हो ।


'कांग्रेसमा सिमिति नेता र उनको परिवारले मात्र अवसर पाउने गरेको छ,' चौधरीले भने,'वर्षौंदेखि पार्टीप्रति समर्पित कार्यकर्ताले अवसर नै पाउँदैन् । नयाँ नेतृत्वले नै कांग्रेसलाई नयाँ दिशा र नीति लिने भएकाले विशेष महाधिवेशन हुनुपर्छ ।'

धनुषाबाटै महाधिवेशन प्रतिनिधि रहेका धीरेन्द्रमोहन झाले भदौ २३ गते भएको जेन-जी आन्दोलनको भावना र मर्मअनुसार पनि कांग्रेसमा युवा नेतृत्वको पालो आएको बताए । 'कांग्रेसमा सधैं एउटै मान्छेको शासन कति दिनसम्म चल्ला ? सीमित नेताले नै लामो समयसम्म शासन गरे,' उनले भने,'मधेशका कांग्रेसीले पार्टीमा नेतृत्व परिवर्तनको पक्षमा उभिएको छ ।'

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,






- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

औरही नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014